NEWS
THE CARTER CENTER
ONE COPENHILL, ATLANTA, GA 30307

# कार्टर सेन्टरः स्थानीय शान्ति समितिहरूको कार्यसम्पादनमा सुधार आएको भए पनि समग्र प्रभावकारिता अस्पष्ट नै छ ।

**मे १०, २०११**

**तत्काल प्रकाशनका लागि**

**एटलान्टामाः डेबोरा ह्याक्स**, +१ ४०४ ४२० ५१२४
**काठमाडौंमाः स्यारा लेभिटसोर**, +९७७ १ ४४४ ५०५५/१४४६

**काठमाडौं ...।** आज प्रकाशित एक प्रतिवेदनका अनुसार, कार्टर सेन्टरका पर्यवेक्षकहरूले सन् २००९ को नोभेम्बरपछि स्थानीय शान्ति समितिहरूको समग्र कार्यसम्पादनमा सुधार आएको भएपनि अधिकांश जिल्लाहरूमा समितिको प्रभावकारिता अस्पष्ट रहेको र समितिहरूले अझै पनि गम्भीर चुनौतीहरू सामना गरिरहेको पाएका छन् ।

“कार्टर सेन्टर केही उच्च कार्यसम्पादन गर्ने स्थानीय शान्ति समितिहरूको सह्राहना गर्दछ जसले प्रायःजसो जिल्लाका द्वन्द्वसम्बन्धी मामिलाहरूमा सफलतापूर्वक मध्यस्थता गरेर देखाएको प्रभावकारिताका कारण स्थानीयस्तरमा ख्याति कमाएका छन् । तथापि, सकारात्मक प्रयासहरूका वावजुद धेरै स्थानीय शान्ति समितिहरूले आफ्नो सान्दर्भिकता तथा उपयोगिता प्रदर्शन गर्न नसक्नुलाई सेन्टर चासोसहित उल्लेख गर्दछ”, कार्टर सेन्टरको प्रजातन्त्र कार्यक्रमका सहनिर्देशक डेविड पोट्टीले भन्नुभयो ।

कार्टर सेन्टरले स्थानिय शान्ति समितिहरूबारे पछिल्लो पटक सन् २००९ नोभेम्बरमा जारी गरेको प्रतिवेदनको समयको तुलनामा अधिक संख्यामा स्थानीय शान्ति समितिहरू गठन भएका छन् र क्रियाकलाप गरिरहेका छन् । यस प्रतिवेदनका लागि कार्टर सेन्टरका पर्यवेक्षकहरूले भ्रमण गरेका ३३ जिल्ला स्थानीय शान्ति समितिहरूलाई कार्यसञ्चालनअनुसार चार तहमा विभाजन गर्न सकिन्छः गठन नभएका (३ जिल्ला), गठन भएका तर पूर्णतः निष्कृय (९ जिल्ला), गठन भएका र सक्रिय/नियमित बैठक गर्ने (१९ जिल्ला), तथा गठन भएका र अत्यन्तै सक्रिय र प्रभावकारी (२ जिल्ला) । यस बिपरीत नोभेम्बर २००९ मा भ्मण गरिएका १८ स्थानीय शान्ति समितिहरू मध्ये २ वटा मात्र क्रियाशिल र सक्रिय थिए ।

यस सकारात्मक परिवर्तनका मुख्य कारकहरू शान्ति तथा पुनर्निर्माण मन्त्रालयद्वारा सहयोगमा वृद्धि, रकम विनियोजन तथा मार्गदर्शन, राजनीतिक दलहरूबीच स्थानीयतहका विवादहरूको निराकरण तथा एनेकपा(माओवादी) को बहिष्कारको अन्त्य हुन् । तथापि, पर्यवेक्षकहरूले हालै गरेको भ्रमणको अवधिमा एक तिहाइभन्दा बढी स्थानीय शान्ति समितिहरू निष्क्रियप्रायः वा गठन नभएका पाइनुले प्राप्त उपलब्धि विषम देखिन्छ ।

अधिकांश स्थानीय शान्ति समितिहरू अन्तरिम राहतका लागि द्वन्द्व प्रभावित व्यक्तिहरूका आवेदन समीक्षा गर्नमा केन्द्रित छन् । तथापि, कार्टर सेन्टरका पर्यवेक्षकहरूले धेरै जिल्लाहरूमा कैयौं वास्तविक पीडितहरूले अझै सहयोग वा राहत प्रक्रियाबारे जानकारी नपाइरहँदा राजनीतिक दलहरूले आफ्ना समर्थकलाई अन्तरिम राहत दिलाउन स्थानीय शान्ति समितिमा आफ्नो प्रभावको प्रयोग गरेको गुनासो पाए ।

कतिपय स्थानीय शान्ति समितिहरूले अन्तरिम राहतबाहेकका क्रियाकलापहरू समेत गरिरहेका छन् तथापि त्यस्ता क्रियाकलापहरूको प्रभाव मूल्यांकन भएको छैन । पर्यवेक्षकहरूले जिल्ला तथा गाउँ विकास समिति दुवै तहमा स्थानीय शान्ति समितिबारेको चेतना न्यून भएको पाए ।

थोरै संख्याका स्थानीय शान्ति समितिहरू द्वन्द्वको सफल मध्यस्थतामा सहभागी भएका हुनाले जिल्ला प्रशासन अधिकारीहरू, राजनीतिक दलका सदस्य तथा नागरिक समाजबाट अत्यन्त सक्रिय र प्रभावकारी भनी प्रशंसा बटुलेका छन् । कार्टर सेन्टर शान्ति तथा पुनर्निर्माण मन्त्रालय र यसका साझेदारहरूलाई ती प्रभावकारी समितिहरूका लागि अतिरिक्त सहयोग प्रदान गर्न तथा न्यून-कार्यसम्पादन भएका अधिकांश स्थानीय शान्ति समितिको कार्यसम्पादन पुनर्मूल्यांकन गर्न सुझाव पेश गर्दछ ।

यो प्रतिवेदन कार्टर सेन्टरका दीर्घकालीन पर्यवेक्षकहरूले सेप्टेम्बर २०१० देखि मार्च २०११ सम्म ३३ जिल्लाबाट संकलन गरेको जानकारीहरूमा आधारित छ । पर्यवेक्षकहरूले स्थानीय शान्ति समितिहरूको कार्यसम्पादन र उपयोगिताको मूल्यांकन गर्न समितिका कर्मचारी तथा सदस्य, नागरिक समाज प्रतिनिधिहरू, प्रहरी तथा सरकारी अधिकारीहरूका साथै धेरै नेपाली नागरिकहरूलाई भेटे । प्रतिवेदनमा जिल्ला तथा स्थानीय तहमा स्थानीय शान्ति समितिका क्रियाकलापहरूको वर्णन, उनीहरूले सामना गरिरहेका चुनौतीहरूबारे छलफलका साथै शान्ति तथा पुनर्निर्माण मन्त्रालय तथा यसका साझेदार, स्थानीय शान्ति समितिहरू तथा नेपालका राजनीतिक दलहरूका लागि विभिन्न सुझावहरू प्रस्तुत गरिएको छ ।

नेपालको शान्ति तथा संविधान निर्माण प्रक्रियासम्बन्धी कार्टर सेन्टरका अघिल्ला प्रतिवेदनहरू http://cartercenter.org/countries/nepal-peace.htm मा प्राप्त गर्न सकिन्छ ।

####

*"शान्ति स्थापना, रोगविरुद्ध संघर्ष, भरोसाको निर्माण" । लाभरहित उद्देश्यको एक गैरसरकारी संगठन, द कार्टर सेन्टरले द्वन्द्व समाधान, लोकतन्त्र, मानवअधिकार तथा आर्थिक अवसरको प्रबर्द्धन, रोग निवारण, मानसिक स्वास्थ्यसम्भारको सुधार गर्दै र विकाशशील राष्ट्रका किसानहरूलाई अन्न उत्पादन बढाउन सिकाउँदै ७० भन्दा बढी देशका नागरिकको जीवनस्तर उन्नति गर्न सहयोग गरेको छ । कार्टर सेन्टर सन् १९८२ मा अमेरिकी पूर्व राष्ट्रपति जिम्मी कार्टर तथा उहाँकी धर्मपत्नी रोजालिनद्वारा इमोरी विश्वविद्यालयसँगको साझेदारीमा संसारमा शान्ति तथा स्वास्थ्यको प्रबर्द्धन गर्न स्थापित भएको हो । कार्टर सेन्टरबारे अझ जान्न कृपया* www.cartercenter.org *मा हेर्नुहोस् ।*

THE
CARTER CENTER

**कार्टर सेन्टरद्वारा स्थानीय शान्ति समितिहरूको पर्यवेक्षणको अद्यावधिक**

मे १०, २०११

## अ. प्रारम्भ

यो प्रतिवेदन कार्टर सेन्टरको नोभेम्बर २००९ को "स्थानीय शान्ति समितिहरूको पर्यवेक्षण" विषयक लेखको अद्यावधिक हो जसलाई शान्ति तथा पुनर्निर्माण मन्त्रालय तथा यसका साझेदारहरूलाई वितरण गरिएको थियो ।[१] प्रतिवेदन देशभरिका स्थानीय शान्ति समितिहरूको वर्तमान अवस्था, तिनका गतिविधि तथा चुनौतीहरूप्रति केन्द्रित छ ।

कार्टर सेन्टर स्थानिय शान्ति समितिप्रति समर्पित कर्मचारीहरू, समितिका संयोजकहरू तथा जिल्लास्थित समितिहरूको कार्यसञ्चालन सुचारू राख्न र त्यसमा सुधार ल्याउन अथक परिश्रम तथा व्यक्तिगत पहल गर्ने सदस्यहरूको सह्राहना गर्दछ । स्थानिय शान्ति समितिलाई सहयोग गर्ने प्रतिबद्धताअनुरूप कर्मचारीहरूले सम्झौता वा पारिश्रमिकबिना पनि काम गरिरहेका दृष्टान्तहरू कार्टर सेन्टरले पाएको छ । यसअलावा, कार्टर सेन्टर स्वयंसेवकको रूपमा काम गर्ने ती संयोजकहरूको सकारात्मक पहलको प्रशंसा गर्दछ जसले केही मामिलामा आफूले गर्नुपर्नेभन्दा धेरै अघि बढेर उच्चस्तरको काम गरेका छन् ।

यो प्रतिवेदन आपसी सहकार्य र सम्मानको भावसँगै शान्ति तथा पुनर्निर्माण मन्त्रालय, स्थानीय शान्ति समिति सदस्यहरू, नागरिक समाज संगठनहरू तथा स्थानीय शान्ति समितिहरूलाई सहायता र प्राविधिक सहयोग प्रदान गर्ने राष्ट्रिय एवं अन्तर्राष्ट्रिय साझेदार संगठनहरूका लागि उपयोगी हुने अपेक्षा गरिएको छ ।

## आ. कार्यपद्धति

कार्टर सेन्टरले सन् २००९ को जून महिनादेखि देशभरि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यवेक्षकहरूका साना समूहहरूको माध्यमबाट नेपालको शान्ति प्रक्रिया तथा संविधान लेखन प्रक्रियाको पर्यवेक्षण गरिरहेको छ । यहाँ उल्लेखित तथ्यहरू कार्टर सेन्टरका दीर्घकालीन पर्यवेक्षकहरूद्वारा सन् २०१० सेप्टेम्बरदेखि सन् २०११ मार्चसम्म संकलन गरिएका जानकारीहरूमा आधारित छन् । सो अवधिमा पर्यवेक्षकहरूले ३३ जिल्लाका स्थानीय शान्ति समितिहरूबारे जानकारी संकलन गर्नुका साथै स्थानीय शान्ति समिति सदस्य, स्थानीय सरकारी अधिकारीहरू, राजनीतिक दलका प्रतिनिधि, नागरिक समाज सदस्य तथा पत्रकारहरूसँग बेग्ला बेग्लै अन्तर्वार्ताहरू गरे ।

यो संक्षिप्त प्रतिवेदनले स्थानीय शान्ति समितिको पृष्ठभूमि तथा कार्यादेश (समादेश), सन् २००९ को नोभेम्बर पछि उनीहरूको कार्यसञ्चालनमा आएको फरक, स्थानीय शान्ति समितिका मुख्य गतिविधिहरू तथा उनीहरूले सामना गर्ने गरेका चुनौतीहरूबारे संक्षेपमा वर्णन गर्दछ । प्रतिवेदनको अन्त्यमा विभिन्न सुझावहरू छन् । स्थानीय तहको परिवर्तनशील अवस्था तथा लामो पर्यवेक्षण अवधिको कारण प्रतिवेदनमा उल्लेखित केही स्थानीय शान्ति समितिहरूको वर्तमान अवस्था अद्यावधिक नहुन सक्छ । कार्टर सेन्टरले यस प्रतिवेदनमा वर्णन गरिएको स्थानीय शान्ति समितिहरूको पर्यवेक्षण अझै सान्दर्भिक रहेको सुनिश्चित गर्न हरसम्भव प्रयत्न गरेको छ ।

---

[१] नोभेम्बर २००९ को प्रतिवेदनको अलावा कार्टर सेन्टरले अगस्ट २००९ तथा नोभेम्बर २०१० का प्रतिवेदनहरूमा राजनीतिक तथा शान्ति प्रक्रियाका प्रवृत्ति र डिसेम्बर २०१० को प्रतिवेदनमा स्थानीय तहमा राजनीतिक विवाद निराकरणमा आधारित रही स्थानीय शान्ति समितिहरूबारे जानकारी प्रकाशित गरेको थियो । सबै प्रतिवेदनहरू: http://cartercenter.org/news/publications/peace/democracy_publications/nepal-peace-reports.html मा उपलब्ध हुन्छन् ।

## इ. स्थानीय शान्ति समितिको पृष्ठभूमि तथा कार्यादेश

### *क) पृष्ठभूमि*

स्थानीय शान्ति समितिको स्थापनालाई सरकारद्वारा सन् २००६ मा अनुमोदन गरिएको थियो र सन् २००७ मा शर्तका बुँदाहरूमाथि सहमति गरिएको थियो । तथापि, राष्ट्रिय तहको राजनीतिक विवादले स्थानीय शान्ति समितिको आरम्भ ढिलो भयो र सन् २००९ को फेब्रुअरीमा वर्तमान शर्तका बुँदाहरू जारी हुनुअघि नै समितिहरू दुईपटक गठन र विगठन भैसकेको बताइन्छ ।

२००९ को नोभेम्बरमा कार्टर सेन्टरले “स्थानीय शान्ति समितिहरूसामु विभिन्न चुनौतीहरू छन् र अधिकांश जिल्लाहरूमा ती केही काम नगरिरहेका वा निष्क्रियप्रायः छन्” भन्ने विवरण दियो ।[२] त्यस समयमा कार्टर सेन्टरका पर्यवेक्षकहरूले उल्लेख गरेका प्रमुख चुनौतीहरूमा स्थानीय शान्ति समितिको संरचनामा अन्तर-दलीय विवाद, संयोजक पदमा सबैको दावी, सरकार र शान्ति तथा पुनर्निर्माण मन्त्रालयबाट सहयोग तथा मार्गदर्शनको अभाव, कोषको अभाव र स्थानीय शान्ति समिति सदस्यहरूबीच आफ्नो भूमिकाप्रतिको अस्पष्टता थिए । यसअलावा, एनेकपा(माओवादी) नेतृत्वको सरकारले नियुक्त गरेका धेरै सचिवहरूको सम्झौता मे २००९ मा गठन भएको नेकपा(एमाले) सरकारले नवीकरण गरेको थिएन र कार्टर सेन्टरको नोभेम्बर २००९ को प्रतिवेदन प्रकाशित भएको समयमा पनि कार्यस्थलमा सचिवहरू थिएनन् ।[३] यो स्थानिय शान्ति समितिको कार्यसम्पादनका लागि अत्यन्त अवरोधक सिद्ध भयो ।

उक्त समयपछि शान्ति तथा पुनर्निर्माण मन्त्रालयले स्थानीय शान्ति समितिहरूले सामना गरिरहेकामध्ये केही चुनौतीहरूलाई सम्बोधन गर्न कोषको विनियोजन, जिल्ला तहमा कर्मचारी व्यवस्थापन गर्ने काम र स्थानीय शान्ति समितिका कर्मचारी र चुनिएका सदस्यहरूका लागि कार्यशालाहरूको आयोजना समेतका महत्वपूर्ण कदमहरू चालेको छ । यी प्रयासहरूले केही सफलता प्राप्त भएको छ । यसको अलावा, नेपाल शान्ति कोषले शान्ति तथा पुनर्निर्माण मन्त्रालयको स्थानीय शान्ति समितिहरूको व्यवस्थापन सुधार र सहायता वृद्धि गर्ने प्रस्तावमा हालै रकम विनियोजन गर्ने निर्णय गरेको छ । तथापि, यी सकारात्मक विकासक्रमका वावजुद जिल्ला तथा गाउँ विकास समिति दुवै तहका स्थानीय शान्ति समितिहरूले आफ्नो संरचना, औचित्य तथा क्षमताको सम्बन्धमा चुनौती महसुस गरी नै रहेका छन् ।

### *ख) वर्तमान कार्यादेश*

स्थानीय शान्ति समितिको कार्यादेशहरूलाई एक शर्तका बुँदाहरूमा उल्लेख गरिएको छ जसमा “स्थानीय तहमा बाँकी रहेका द्वन्द्वको निराकरण गर्नु र आपसी सद्भाव तथा एकताको माध्यमद्वारा शान्ति तथा पुनर्संरचनाको प्रक्रियालाई व्यवस्थित रूपमा प्रबर्द्धन गर्नु” स्थानीय शान्ति समितिको भूमिका भएको उल्लेख छ । शर्तका बुँदाहरूमा स्थानीय शान्ति समितिहरूको गठनबारे निर्देशन, हरेक समितिमा नौ जनासम्म सदस्य रहने सचिवालयको स्थापना तथा “आवश्यक देखिएमा” हरेक स्थानीय शान्ति समितिले गाविस-तहका शान्ति समितिहरू गठन गर्न सक्ने अधिकार उल्लेख गरिएका छन् । यसमा स्थानीय शान्ति समितिका लागि सात बुँदे कर्तव्य र उत्तरदायित्वहरू समाविष्ट छन्:

४.१ शान्ति निर्माण प्रक्रियाको प्रबर्द्धन गर्दै, स्थानीय तहमा नयाँ संवैधानिक व्यवस्था लागु नभए सम्मका लागि नेपालको संक्रमणकालीन अवस्थालाई ध्यानमा राख्दै, शान्ति प्रवर्द्धन र शान्ति निर्माण तथा द्वन्द्व रूपान्तरणका प्रक्रियालाई सहजीकरण गरी विस्तृत शान्ति सम्झौताको सवल कार्यान्वयनमा सघाउ पुऱ्याउने ।

---

[२] कार्टर सेन्टर, “स्थानीय शान्ति समितिहरूको पर्यवेक्षण”, नोभेम्बर ६, २००९ ।

[३] स्थानीय शान्ति समितिका सचिवहरू सानो अवधिको करारमा हुने सरकारी अधिकृतहरू हुन्छन् । शर्तका अनुसार स्थानीय शान्ति समितिका सचिवहरू कर्मचारीको रेखदेख, लेखा व्यवस्थापन, शान्ति तथा पुनर्निर्माण मन्त्रालयको राहत तथा पुनर्संरचना कार्यक्रमको अनुगमन तथा विवरण निर्माण र शान्ति तथा पुनर्निर्माण मन्त्रालयलाई आवधिक कार्यक्रम तथा आर्थिक विवरण पठाउने कार्यका लागि जिम्मेवार हुन्छन् । व्यवहारिक रुपमा उनीहरूले स्थानीय शान्ति समितिका गतिविधिहरूको योजना बनाउने तथा कार्यान्वयन गर्ने बृहत जिम्मेवारी वहन गरेका छन् ।

४.२ मन्त्रालयका राहत तथा पुनर्निर्माण सम्बन्धी कार्यक्रमहरूको कार्यान्वयनको अनुगमन गर्ने ।

४.३ द्वन्द्व प्रभावित व्यक्ति-परिवार तथा संरचनाको लगत संकलन गर्ने कार्यमा सो प्रयोजनको लागि नेपाल सरकारले गठन गरेको कार्यदललाई आवश्यक सहयोग गर्ने ।

४.४ राजनीतिक एवं सामाजिक द्वन्द्वको कारण उत्पन्न प्रतिकूल परिस्थितिमा पनि रचनात्मक एवं नविन ढङ्गले द्वन्द्व रूपान्तरणका प्रक्रियाहरूलाई अगाडि बढाउने ।

४.५ मेलमिलाप, पीडासमन (healing) र पारस्परिक विश्वास अभिवृद्धिमा जोड दिने ।

४.६ स्थानीय तहमा हुने राजनीतिक एवं सामाजिक विकासक्रमलाई निरन्तर पर्यवेक्षण गर्ने र राजनीतिक गतिरोध वा सम्भावित हिंसाको स्थिति आइपरेमा द्वन्द्व निवारणका प्रक्रियाहरू अवलम्बन गरी स्थितिलाई सामान्यीकरण तर्फ उन्मुख गराउन हरसम्भव प्रयत्न गर्ने ।

४.७ राष्ट्रिय वा स्थानीय स्तरमा शान्ति प्रक्रियालाई प्रभावित तुल्याउने विषयहरूमा प्राप्त जानकारीका बारेमा समितिका सदस्यहरूका साथै जनसाधारणलाई सुसूचित तुल्याउने ।[४]

यस अलावा, शर्तका बुँदाहरूभरि शान्ति निर्माण तथा द्वन्द्व निराकरण अङ्गका रूपमा स्थानीय शान्ति समितिहरूको विशिष्ट भूमिकाका प्रसङ्गहरू उल्लेख गरिएका छन् । यसअलावा, स्थानिय शान्ति समितिहरूले शान्ति तथा पुनर्निर्माण मन्त्रालयको विस्तृत निर्देशन नभई सहयोगका आधारमा स्वायत्त भएर काम गर्ने विश्वास गरिएको मन्त्रालयले कार्टर सेन्टरसमक्ष जोड दिएको छ । अन्त्यमा, शर्तका बुँदाहरूमा संविधानसभाद्वारा नयाँ संविधान जारी भएपछि स्थानीय शान्ति समितिहरू विघटन हुने उल्लेख गरिएको भए पनि मन्त्रीपरिषद्ले हालै स्थानिय शान्ति समितिहरूको समयावधी सन् २०१२ को डिसेम्बर ३१ सम्म बढाएको जानकारी प्राप्त भएको छ ।

## ई. स्थानीय तहबाट प्राप्त तथ्यहरू

### क. <u>स्थानीय शान्ति समितिहरूको वर्तमान अवस्थिति</u>

**१. नोभेम्बर २००९ मा अधिकांश स्थानीय शान्ति समितिहरू निष्प्रभावी वा निष्क्रियप्रायः देखिएको भए पनि त्यसपछि स्थानीय शान्ति समितिको समग्र कार्यसञ्चालनमा वृद्धि भएको छ । यी विकासहरूका वाहेक जिल्लाहरूमा स्थानीय शान्ति समितिहरूको कार्यसञ्चालनको स्थितिमा एकरूपता छैन ।**

शान्ति तथा पुनर्निर्माण मन्त्रालयका अनुसार ७५ मध्ये ७३ जिल्लामा स्थानीय शान्ति समितिहरू गठन भैसकेका छन् ।[५] यस अलावा, नोभेम्बर २००९ मा कार्टर सेन्टरले भ्रमण गरेका १८ मध्ये १४ जिल्लाका स्थानीय शान्ति समितिहरू कार्यविहीन वा निष्क्रियप्रायः र दुई जिल्लामा समितिहरू गठन नै नभएको पाइएको भए पनि त्यसपछि स्थानीय शान्ति समितिहरूको समग्र कार्यसञ्चालनमा वृद्धि भएको सेन्टरका पर्यवेक्षकहरूले पाएका छन् । त्यस समयमा भ्रमण गरिएका दुई स्थानीय शान्ति समितिहरू मात्र सक्रिय र कार्यरत रहेको बताइएको थियो ।

यस प्रतिवेदनका लागि कार्टर सेन्टरका पर्यवेक्षकहरूले भ्रमण गरेका स्थानीय शान्ति समितिहरूलाई चार तहका कार्यसञ्चालनअनुसार विभाजन गर्न सकिन्छः गठन नभएका (३ जिल्ला)[६], गठन भएका तर पूर्णतः निष्क्रिय (९ जिल्ला), गठन भएका र सक्रिय/नियमित बैठक गर्ने (१९ जिल्ला), तथा गठन भएका र अत्यन्तै सक्रिय र प्रभावकारी (२ जिल्ला) ।

---

[४] "स्थानीय शान्ति समितिका शर्तका बुँदाहरू, २००९ (२०६५)" http://www.peace.gov.np/uploads/Archive%20-Nepali/LPC%20%20TOR.pdf

[५] शान्ति तथा पुनर्निर्माण मन्त्रालयका अनुसार स्थानीय शान्ति समिति गठन नभएका जिल्ला गोरखा र तनहुँ मात्र छन् ।

[६] कार्टर सेन्टरका पर्यवेक्षकहरूको भ्रमणको समयमा काभ्रेपलाञ्चोक, कास्की र गोरखा जिल्लाका स्थानिय शान्ति समितिहरू गठन नभएको बताइएको थियो । तथापि, काभ्रेपलाञ्चोकका स्थानिय शान्ति समिति सचिवको भनाईमा सन् २०११ को अप्रिल महिनाको अन्त्यतिर संयोजकको चयन गरियो र समितिले मे महिनाको पूर्वाद्धमा पहिलो बैठक गर्ने योजना बनाएको थियो । यहाँ "गठन नभएको" भनि उल्लेख भएको कास्की जिल्लामा पनि कार्टर सेन्टरको अध्ययनपछि समिति गठन भएको थियो ।

यस तुलनाबाट स्थानीय शान्ति समितिहरू "गठन भएका तर अत्यन्त निष्क्रिय" बाट "गठन भएका र सक्रिय/नियमित बैठक गर्ने" वर्गमा प्रवेश गरिरहेको स्पष्ट हुन्छ ।

स्थानीय शान्ति समितिहरूको गठन तथा कार्यसञ्चालन दुवैमा उपलब्धिहरू भैरहेको अवस्थामा तिनीहरू आफ्नो विकासक्रमको फरक फरक अवस्थितिमा छन् । केही स्थानीय शान्ति समितिहरू नाममा मात्र सीमित छन्, अन्य आन्तरिक विवादग्रस्त छन् भने धेरै समितिहरू तथ्यांक संकलन गर्ने तथा द्वन्द्व प्रभावित व्यक्तिहरूबाट अन्तरिम राहतका आवेदनहरूको समीक्षा गर्ने काममा मात्र सीमित छन् । थोरै समितिहरू मात्र स्थानीय शान्ति समितिको बृहत शान्ति निर्माणको कार्यादेशलाई अङ्गीकार गर्दै द्वन्द्व नियन्त्रण तथा मध्यस्थकारी भूमिकाहरूमा संलग्न भैरहेका छन् । राष्ट्रिय तहका नीतिगत मामिलाका साथै जिल्लागत परिस्थितिबाट उत्पन्न दुवै खाले वर्तमान चुनौतीहरू (प्रतिवेदनको खण्ड **ई.ग.** मा छलफल गरिएको) देशभरिका स्थानीय शान्ति समितिहरूले सामना गरिरहेका छन् ।

## २. स्थानीय शान्ति समितिहरूको समग्र कार्यसञ्चालनमा वृद्धिको श्रेय शान्ति तथा पुनर्निर्माण मन्त्रालयले चालेका सकारात्मक कदमहरू, स्थानीय तहमा राजनीतिक दलहरूबीचका असहमतिहरूको निराकरण तथा एनेकपा( माओवादी)को स्थानीय शान्ति समितिहरूको राष्ट्रव्यापी बहिष्कारको अन्त्यलाई दिन सकिन्छ ।

राष्ट्रिय तथा जिल्ला तहका विकासहरू स्थानीय शान्ति समितिहरूको कार्यसञ्चालनमा आएको सुधारका लागि पूर्वसूचक भएका छन् । कार्टर सेन्टरका पर्यवेक्षकहरूले पहिचान गरेका मुख्य तत्वहरूका बारेमा तल छोटकरीमा छलफल गरिएको छ ।

### *क) स्थानीय शान्ति समितिका सचिवहरू खटाउने, कोषको व्यवस्था गर्ने तथा सदस्यहरूलाई समितिको भूमिका स्पष्ट पार्ने कार्यशाला आयोजनासहित शान्ति तथा पुनर्निर्माण मन्त्रालयले चालेका सकारात्मक कदमहरू ।*

स्थानीय शान्ति समितिमा २००९ मा सचिवहरू खटाइयो र उनीहरूले जिल्ला तहमा स्थानीय शान्ति समितिको कार्यसञ्चालनलाई सशक्त बनाउन महत्वपूर्ण भूमिका निर्वाह गरेका छन् । माधव कुमार नेपाल नेतृत्वको सरकारले नियुक्त गरेका अधिकांश सचिवहरू अझै पनि कार्यरत छन् र कर्मचारीको नियमितताले स्थानिय शान्ति समितिहरूको उपलब्धीलाई सघाएको छ । यस अलावा शान्ति तथा पुनर्निर्माण मन्त्रालयद्वारा जिल्ला तहका समितिहरूका लागि कोष विनियोजन गर्ने कार्य स्थानिय शान्ति समितिका नयाँ क्रियाकलापहरूलाई प्रोत्साहित गर्नका लागि सर्वाधिक उल्लेखनिय भएको देखिन्छ । अधिकांश स्थानिय शान्ति समितिहरूलाई आर्थिक वर्ष २००९-२०१० मा रु. ६००,०००/- प्रदान गरिएको थियो जसको लागि समितिहरूले क्रियाकलापको प्रस्तावका साथै विस्तृत बजेट पेश गर्नुपर्दथ्यो । पछिल्लो आर्थिक वर्षमा पहिलो पटक रु. २००,०००/- र पछि ५००,०००/- गरी जम्मा रु. ७००,०००/- थप प्रदान गरियो । अन्त्यमा, कार्यादेशबारेमा विस्तृत निर्देशन प्राप्त गर्ने अनुरोधको प्रत्यूत्तरमा शान्ति तथा पुनर्निर्माण मन्त्रालयले स्थानीय शान्ति समितिका सदस्य तथा कर्मचारीहरूलाई उनीहरूको भूमिका र जिम्मेवारीहरू स्पष्ट गर्न तालिम प्रदान गर्नुका साथै कार्यशालाहरू आयोजना गऱ्यो ।

### *ख) राजनीतिक दलहरूबीच स्थानीय शान्ति समितिको नेतृत्व तथा संरचनासहित अन्य असहमतिहरूको स्थानीय तहमै निराकरण*

स्थानीय शान्ति समितिको नेतृत्व तथा संरचनामाथिका स्थानीय तहका विवादहरूको निराकरणले धेरै जिल्लाका स्थानीय शान्ति समितिहरूको कार्यसञ्चालनमा सुधार आएको छ । उदाहरणका लागि उदयपुरको स्थानीय शान्ति समिति सन् २००९ को अधिकांश समय लगभग पूर्ण निष्प्रभावी थियो तर सन् २०१० मा नागरिक समाज संगठनहरू तथा नयाँ प्रमुख जिल्ला अधिकारीद्वारा चालिएका भनिएका पहलकदमीका कारण राजनीतिक दलहरू नयाँ संयोजक बनाउन राजी भए र त्यसपछि स्थानीय शान्ति समितिले नियमित बैठकहरू गर्न सक्यो । प्युठानमा सन् २००९ को लामो समय स्थानीय शान्ति समिति राजनीतिक दलहरूबीचको विवादका कारण निष्क्रिय थियो तर मार्च २०११ मा कार्टर सेन्टरले गरेको भ्रमणको समयमा यो गाविस तहसम्म विस्तार भैरहेको थियो । पर्यवेक्षकहरूले सिन्धुपाल्चोक, सल्यान र दोलखालगायत अन्य जिल्लाहरूमा पनि यस्तै विवरणहरू सुने ।

*ग) एनेकपा(माओवादी)को बहिष्कारको अन्त्य*

एनेकपा(माओवादी)को स्थानीय शान्ति समितिहरूको देशव्यापी बहिष्कारले सन् २००९ देखि २०१० को एक समयसम्म शान्ति समितिहरूको गठन र कार्यसञ्चालनमा अवरोध पुऱ्यायो । मे २००९ को सरकारबाट फिर्ता हुने निर्णयपछि माओवादीले माधव कुमार नेपालको सरकारलाई असहयोग गर्ने दलको नीतिअनुरूप स्थानीय शान्ति समितिहरूलाई बहिष्कार गर्ने निर्णय गऱ्यो । तथापि, यो बहिष्कारमा एकरूपता थिएन र पर्यवेक्षकहरूले स्थानीय शान्ति समितिहरूमा माओवादीहरूको सहभागिताका थुप्रै दृष्टान्तहरू भेटेका थिए । जुन २०१० को उत्तरार्धमा माधव कुमार नेपालको राजीनामाका साथ अधिकांश जिल्लाहरूमा बहिष्कार अन्त्य भएको देखियो र यति बेला एनेकपा(माओवादी) अधिकांश जिल्लाका स्थानीय शान्ति समितिहरूमा सहभागी भैरहेको छ । पर्यवेक्षकहरूले थोरै स्थानहरूमा एनेकपा(माओवादी) को बहिष्कार जारी रहेको उल्लेख गरे पनि तिनीहरू राष्ट्रिय नीतिविपरित स्थानीय अवस्थासँग मात्र सम्बन्धित रहेको देखिन्छ ।

## ख. स्थानीय शान्ति समितिका वर्तमान क्रियाकलापहरू

शर्तका बुँदाहरूले स्थानीय शान्ति समितिहरूलाई बृहत क्रियाकलापका लागि निर्देशित गरेका छन् । स्थानीय शान्ति समितिका सातमध्ये कम्तीमा चार "कर्तव्य तथा जिम्मेवारीहरू" शान्ति निर्माण र द्वन्द्व निराकरणका गतिविधिसँग, दुई अन्तरिम राहत तथा पुनर्संरचनाका कार्यक्रमहरूसँग र एउटा सूचना प्रसारसँग सम्बन्धित छन् । तथापि, यथार्थमा अधिकांश स्थानीय शान्ति समितिहरूले द्वन्द्व प्रभावित व्यक्तिहरूबाट अन्तरिम राहतका लागि परेका आवेदनहरूको समीक्षा तथा जाँच गर्नु नै आफ्नो मुख्य भूमिका देखेका छन् । धेरैले केही थप क्रियाकलापहरू पनि गरेका छन् तर थोरै समितिहरूले मात्र द्वन्द्व निराकरणलाई मुख्य केन्द्र बनाएको देखिन्छ । अन्त्यमा, शान्ति तथा पुनर्निर्माण मन्त्रालयको निर्देशनपछि कार्टर सेन्टरका पर्यवेक्षकहरूले भ्रमण गरेका अधिकांश स्थानका स्थानीय शान्ति समितिहरूले गाविस तहसम्म विस्तार गर्ने प्रयास गरेका छन् ।

### १. लगभग सबै स्थानीय शान्ति समितिहरूले आफ्नो मुख्य भूमिकालाई द्वन्द्व प्रभावित व्यक्तिहरूबाट अन्तरिम राहतका लागि परेका आवेदनहरूको समीक्षा तथा पुष्टि गर्नमा केन्द्रित गरिरहेका छन् ।

जिल्ला प्रशासन कार्यालयसँग सामान्यतः द्वन्द्व प्रभावित व्यक्तिहरूसम्म पहुँच राख्ने वा अन्तरिम राहतका आवेदनहरूको छानविन गर्ने क्षमता नहुने भएकाले जिल्लाका अन्तरिम राहतको व्यवस्थापन गर्ने समग्र जिम्मेवारी प्राप्त प्रमुख जिल्ला अधिकारीहरूले यस प्रयासमा सहयोग गर्न प्रायःजसो राजनीतिक दल वा स्थानीय शान्ति समितिहरूलाई अनुरोध गर्दछन् । लगभग सबै स्थानीय शान्ति समितिहरूले द्वन्द्व प्रभावित व्यक्तिहरूबाट अन्तरिम राहतका लागि परेका आवेदनहरूको समीक्षा तथा पुष्टि गर्नुलाई नै आफ्नो मुख्य कामका रूपमा केन्द्रित गरिरहेका छन् । द्वन्द्व प्रभावित व्यक्तिहरूका आवेदनहरू स्थानीय शान्ति समितिहरूबाट सोझै वा प्रमुख जिल्ला अधिकारी (प्रजिअ) मार्फत प्राप्त हुन्छन् । स्थानीय शान्ति समितिहरूले आवेदनहरूको समीक्षा गर्ने विस्तृततामा जिल्लाअनुसार विविधता छ तर धेरै जिल्लाहरूमा प्रमुख जिल्ला अधिकारीले स्थानीय शान्ति समितिहरूलाई आवेदनहरूको पूर्णता जाँच, संलग्न कागजातहरूको समीक्षा, आवेदन सही देखिन्छ कि देखिँदैन भनेर छलफल गर्न लगाएका छन् ।[७] समितिले त्यसपश्चात् कुन कुन आवेदनहरूलाई अन्तिम स्वीकृतिका लागि शान्ति तथा पुनर्निर्माण मन्त्रालयमा पठाउनका लागि सिफारिशका साथ प्र.जि.अ. कहाँ पठाउने भन्ने छनौट गर्छन् । केही जिल्लाहरूमा स्थानीय शान्ति समितिका सदस्यहरूले आवेदनहरूमाथि छानवीन तथा पुष्टि गर्न गाविस भ्रमण गरेका छन् भने थोरै मामिलाहरूमा गाविस तहका स्थानीय शान्ति समितिहरूले सहयोग गरेका छन् ।

द्वन्द्व-प्रभावित व्यक्तिका आवेदनहरूको समीक्षा गर्नु स्थानीय शान्ति समितिका शर्तका बुँदाहरूको एउटा भाग मात्र भएको तथ्यको वावजुद धेरै स्थानीय शान्ति समिति सदस्यहरू, कर्मचारी तथा अन्य सरोकारवालाहरूले पर्यवेक्षकहरूसमक्ष अन्तरिम राहत स्थानीय शान्ति समितिहरूको मुख्य र सर्वाधिक महत्वपूर्ण गतिविधि भएको बताएका छन् । उदाहरणका लागि, कैलालीमा अन्तर्वार्ता गरिएका सबै समिति सदस्यहरूले स्थानीय शान्ति समितिको मुख्य कार्य द्वन्द्व प्रभावित व्यक्तिहरूका लागि अन्तरिम राहतको व्यवस्थालाई सहयोग गर्न तथ्यांकहरू संकलन र पुष्टि गर्नु रहेको पर्यवेक्षकहरूसँग उल्लेख गरे । सिराहामा एक समिति सदस्यले समितिले अन्य कार्य गरेको भए पनि यसको मुख्य भूमिका अन्तरिम राहतका

[७] २०१० को एक प्रतिवेदनमा "जिल्लाहरूमा द्वन्द्व-प्रभावित व्यक्तिहरूबाट गरिने आवेदन संकलनको चरणमा स्थानीय शान्ति समितिको भूमिकामा व्यापक विविधता छ र यो नीतिको मार्गदर्शनबाट नियन्त्रित छैन" भन्ने उल्लेख छ । अन्तराष्ट्रिय आप्रबासी संगठन, "Report on Mapping Exercise and Preliminary Gap Analysis of the Interim Relief and Rehabilitation Program," डिसेम्बर २०१०, पृष्ठ ६ ।

आवेदनहरू प्रमुख जिल्ला अधिकारीसमक्ष पठाउनु रहेको बताए । कार्टर सेन्टरले अन्तर्वार्ता गरेका अन्य धेरै स्थानीय शान्ति समिति सदस्य तथा सरोकारवालाहरूले उस्तै धारणा व्यक्त गरे । स्थानिय शान्ति समिति सदस्यहरूसहित अन्य धेरै व्यक्तिहरूले आवेदनहरूको समीक्षालाई राजनीतिक पूर्वाग्रहले दुषित बनाएको आरोप लगाएका छन्, त्यससम्बन्धी एक चासोलाई प्रतिवेदनको खण्ड **ग. २** मा छलफल गरिएको छ ।

२. **अधिकांश स्थानीय शान्ति समितिहरू अन्तरिम राहतको तथ्यांक संकलनभन्दा अघि बढेर पनि काम गरिरहेका छन् । जस्तै द्वन्द्व-प्रभावित व्यक्तिहरूका लागि जीविकोपार्जनका लागि तालिम, शान्तिबर्द्धक कार्यहरू तथा स्थानीय शान्ति समिति सदस्यहरूका लागि द्वन्द्व मध्यस्थताको तालिम आदि । तथापि यी क्रियाकलापको प्रभाव भने अस्पष्ट छ ।**

स्थानीय शान्ति समितिहरूका लागि निर्मित एक प्रावधान अनुसार समितिहरूले शान्ति तथा पुनर्निर्माण मन्त्रालयमा कार्यक्रम प्रस्ताव पेश गर्न पाउँछन् र कार्यक्रमका लागि रकम प्राप्त गर्छन् । अधिकांश क्रियाशील स्थानीय शान्ति समितिहरूले अन्तरिम राहतका आवेदनहरूको समीक्षाको अलावा अन्य गतिविधिहरू पनि गरेका छन् । जिल्लाहरूमा गर्नुपर्ने क्रियाकलापका सूचि समान छन् र केही विशेष क्रियाकलापहरू शान्ति तथा पुनर्निर्माण मन्त्रालयको प्राथमिकताअनुसार सञ्चालन गरिनुपर्ने देखिन्छ ।[८] क्रियाकलापहरू तीन वृहत श्रेणीमा पर्दछन्: द्वन्द्व-प्रभावित व्यक्तिहरूलाई प्रत्यक्ष सहायता, प्रोत्साहनबर्द्धक एवं जनचेतनामूलक गतिविधि तथा स्थानीय शान्ति समिति सदस्यहरूका लागि तालिम । यी कार्यक्रमहरू स्थानीय शान्ति समितिद्वारा नै आयोजना हुने भए पनि तिनीहरू प्रायःजसो स्थानीय शान्ति समितिले नै खोजेका र पैसा तिरेका बाहिरी विशेषज्ञ ("स्रोत व्यक्ति") हरूद्वारा कार्यान्वित भएको प्रतीत हुन्छ ।

द्वन्द्व प्रभावित व्यक्तिहरूका लागि स्थानीय शान्ति समितिहरूको प्रत्यक्ष सहायता मुख्यतः व्यवसायिक वा सीप तालिममा केन्द्रित छ । स्थानीय शान्ति समितिहरूले द्वन्द्व प्रभावित व्यक्तिहरूका लागि मैनवत्ती, अगरवत्ती, अचार र बाँसका फर्निचर निर्माण गर्ने तालिमहरूका साथै कम्प्युटर चलाउनेजस्ता सीपमूलक तालिमहरू आयोजना गरेका छन् । पाँचथरको जस्तै धेरै स्थानीय शान्ति समितिहरूले जनमुक्ति सेनाबाट बहिर्गमनमा परेका लडाकूहरूलाई सहयोग गरेका छन् । पाँचथरमा समितिले बहिर्गमनमा परेका लडाकूहरूका लागि कम्प्युटर तालिम सञ्चालन गरेको बताइयो । दोस्रो केन्द्रबिन्दु भने स्थानीय शान्ति समितिबारेको चेतना अभिवृद्धि तथा शान्तिका लागि प्रचारप्रसार रहेको छ । उदाहरणका लागि केही जिल्लाका स्थानीय शान्ति समितिहरूले समितिका गतिविधि तथा यसको कार्यादेशबारे स्थानीय एफएममा नियमित रेडियो कार्यक्रम प्रसारण गरे । धेरै जिल्लाका स्थानीय शान्ति समितिहरूले निबन्ध लेखन प्रतियोगिता, कविता, बहस एवं सार्वजनिक भाषण प्रतियोगिता, सडक नाटक, समाचार बुलेटिन प्रकाशन र अन्तर्राष्ट्रिय शान्ति दिवसमा शान्ति जुलुसहरू प्रायोजन गरेका छन् । अन्त्यमा, धेरै स्थानीय शान्ति समितिहरूले जिल्ला तहमा तथा केही कम मात्रामा गाविस तहमा पनि स्थानीय शान्ति समिति सदस्यहरूका लागि द्वन्द्व मध्यस्थ तालिम आयोजना गरेका छन् ।

तथापि, यो बेलासम्म शान्ति तथा पुनर्निर्माण मन्त्रालय वा कुनै स्वतन्त्र मूल्यांकनकर्ताद्वारा स्थानीय शान्ति समितिका गतिविधिहरूको प्रभावकारिताको कुनै मूल्यांकन नभएकाले समितिहरूको समग्र असर ठम्याउन अप्ठ्यारो भएको छ ।[९] स्थानीय शान्ति समितिहरूले द्वन्द्व-प्रभावित व्यक्तिको तथ्यांक जाँच मात्र गर्नेभन्दा अघि बढेर काम गरिरहेको सकारात्मक अवस्था भए पनि जिल्लामा उनीहरूको समग्र योगदान थाहा पाउन ती गतिविधिहरूको प्रभावकारिता मूल्यांकन गरिनु महत्वपूर्ण हुन्छ । एउटा सूचकको रूपमा लिनु पर्दा, जिल्लातहमा वार्ता गरिएका स्थानीय शान्ति समिति सदस्य तथा कर्मचारीहरू बाहेकका व्यक्तिहरूले अन्तरिम राहतका आवेदनको समीक्षा गर्ने र केही जिल्लामा द्वन्द्व मध्यस्थता गर्ने बाहेक स्थानीय शान्ति समितिका अन्य गतिविधिहरूबारे कार्टर सेन्टरका पर्यवेक्षकहरूलाई विरलै बताए । शान्ति तथा पुनर्निर्माण मन्त्रालयको भनाईमा एक स्वतन्त्र मूल्यांकन कार्य जारी छ जो सन् २०११ को जुलाई महिनामा सकिनेछ । यो एउटा सकारात्मक कदम हो ।

३. **थोरै संख्याका स्थानीय शान्ति समितिहरू अत्यन्त सक्रिय तथा प्रभावकारी भएको हुनाले स्थानीय रूपमा ख्याति कमाएका छन् । यी स्थानीय शान्ति समितिहरूले द्वन्द्वमा मध्यस्थता गर्नुका साथै नागरिक समाज तथा स्थानीय सरकारी अधिकारीहरूसँग राम्रो सम्बन्ध बनाएका छन् ।**

---

[८]शान्ति तथा पुनर्निर्माण मन्त्रालयले स्थानिय शान्ति समितिहरूको प्रस्तावलेखन क्षमता सीमित भएको हुँदा समितिका योजना निर्माण गर्न मन्त्रालय नै अझ सक्रिय हुनुपर्ने संकेत गरेको छ । तथापि यो मन्त्रालयको स्थानिय शान्ति समितिहरू स्वायत्त निकाय हुने परिकल्पनासँग मेल खाँदैन ।

[९] कार्टर सेन्टरको कार्यपद्धतिले स्थानीय शान्ति समितिको कार्यसञ्चालनको वृहत विवरण प्राप्त गर्न सक्षम भए पनि दीर्घकालीन पर्यवेक्षण समूहहरूसँग स्थानीय शान्ति समितिका गतिविधिहरूको प्रभावकारिताको औपचारिक मूल्यांकन गर्ने क्षमता वा तालिम केही थिएन ।

वार्ता गरिएका धेरै व्यक्तिहरूले सुर्खेत र भक्तपुरका स्थानीय शान्ति समितिहरूलाई धेरै सक्रिय र प्रभावकारी भनेर बताए । अन्य धेरै समितिहरू पनि केही सकारात्मक कार्यका लागि सुपरिचित थिए । यी स्थानीय शान्ति समितिहरू द्वन्द्व मध्यस्थतामा, नियमित बैठकहरू गर्न, जिल्लाका अन्य सरोकारवालाहरूले ठम्याउने खालको सफलता प्रदर्शन तथा प्र.जि.अ. र अन्य सरोकारवालाहरूसँग सकारात्मक सम्बन्ध राख्ने कार्यमा तल्लीन छन् । विशेषगरी द्वन्द्वको मध्यस्थतामा सफल सहभागिताले नै सकारात्मक प्रभाव निर्माण गर्छ र स्थानीय शान्ति समितिहरूको प्रशंसा गर्ने क्रममा वार्ताकारहरूले त्यसैलाई विशेष उल्लेख गरेका छन् ।

स्थानीय राजनीतिक दल, नागरिक समाज तथा सरकारी अधिकारीजस्ता निकायहरूबाट सम्मान पाइरहेको सुर्खेतको स्थानीय शान्ति समितिबारे कुरा गर्ने व्यक्तिहरूले समितिले धेरै विवादहरूमा सफलतापूर्वक हस्तक्षेप गरेको र निराकरण गरेकोमा जोड दिए । समितिले २०१० को मे महिनामा एनेकपा(माओवादी) को विरोध कार्यक्रमको दौरान नगरपालिकामा उत्पन्न राजनीतिक तनावलाई साम्य पार्न सहयोग गर्‍यो । सेप्टेम्बर २०१० को मध्यतिर भएको बस दुर्घटनापश्चात् क्रुद्ध स्थानीयहरूद्वारा एकजना बस चालकको हत्यापछि उत्पन्न तनावलाई पनि समितिले साम्य पार्‍यो । अर्को घटनाअनुसार, स्थानीय शान्ति समिति सदस्यहरूले स्थानीय खम्पा समुदाय तथा जिल्ला वन अधिकृतबीचको संरक्षित वनमा शालिक निर्माण गर्ने विवाद समाधान गर्न सहयोग गर्‍यो । वार्ता गरिएका धेरै व्यक्तिहरूले संयोजकको प्रभावकारी नेतृत्वतर्फ औंल्याए । नेपाली कांग्रेस, एमाले तथा एनेकपा(माओवादी) ले आफूहरूमध्ये कसैलाई संयोजक बनाउन सहमत हुन नसकेपछि राष्ट्रिय जनमोर्चाका एक सदस्य संयोजक भएका थिए ।

त्यसैगरी, भक्तपुरमा वार्ता गरिएका विभिन्न दल, नागरिक समाज तथा सरकारी अधिकारीहरूले ईंट्टा भट्टा मालिक र स्थानीय बासिन्दाबीच भएको विवाद समाधानका लागि स्थानीय शान्ति समितिले गरेको सहयोगको प्रशंसा गरे । बच्चा अपहरण कार्यमा शंकास्पद दुई व्यक्तिलाई गाउँ सुरक्षा समितिका सदस्यले हत्या गरिदिएपछि प्रहरी र गाउँलेहरूबीच उत्पन्न तनाव शान्त गरेकोमा विभिन्न दलहरू, मानव अधिकार संरक्षक तथा प्रहरीले समेत स्थानीय शान्ति समितिको सह्राहना गरे । त्यसबाहेक स्थानिय शान्ति समितिले "द्वन्द्वकालमा भक्तपुर" भन्ने एक पुस्तक प्रकाशित गर्‍यो । अन्त्यमा, स्थानीय शान्ति समितिले द्वन्द्व पीडित, उनीहरूका नातेदारहरू तथा राजनीतिक दलहरूका लागि एक दिने कार्यशालाको आयोजना गर्‍यो जसले उक्त क्षेत्रका पीडित र माओवादीलाई एकै ठाउँ ल्याउने काम गर्‍यो । दलका नेताहरू तथा स्थानीय शान्ति समितिले यस कार्यप्रति सकारात्मक धारणा राखे । सुर्खेतमा जस्तै भक्तपुरमा पनि धेरै व्यक्तिले स्थानीय शान्ति समितिको प्रभावकारिताका लागि संयोजकको सशक्त नेतृत्वलाई महत्वपूर्ण तत्व माने र संयोजक परिवर्तन भएमा स्थानीय शान्ति समितिको प्रभाव घट्नेतर्फ चिन्ता व्यक्त गरे ।

थोरै स्थानीय शान्ति समितिहरूले द्वन्द्व मध्यस्थतामा प्रभावकारी संलग्नताका लागि स्थानीयहरूद्वारा पनि प्रशंसा प्राप्त गरेका छन् । उदाहरणको लागि, धनकुटाका धेरै व्यक्तिहरूले विकास परियोजना तथा विद्यालय व्यवस्थापन समितिमा राजनीतिक दलहरूबीचका विवाद समाधान गर्न र जिल्लामा आफ्नो कामको लागि आचारसंहिता निर्माण गरेकोमा स्थानीय शान्ति समितिको प्रयासको सह्राहना गरे । तथापि यी सबै प्रयासहरू सफल थिएनन् र जनवरी २०११ मा पर्यवेक्षकहरूद्वारा गरिएको जिल्ला भ्रमणको दौरान स्थानीय शान्ति समितिले द्वन्द्वमा मध्यस्थता नगरेको छ महिनाभन्दा बढी भैसकेको बताइएको थियो ।

प्रतिनिधि घटनाहरूको संख्या थोरै भएकाले केही स्थानीय शान्ति समितिहरूले कस्तो सफलता प्राप्त गरे भन्ने निर्क्यौल गर्न असहज छ । तथापि, वार्ता गरिएका धेरै व्यक्तिहरूले संयोजकको प्रभावकारी नेतृत्वलाई एक मूख्य तत्वका रूपमा इंगित गरे । केही स्थानीय शान्ति समितिहरूले प्रभावकारी संयोजकहरूको समयावधी छ महिनाभन्दा पछि पनि थप्ने निर्णय गरेका छन् । त्यसै गरी, राम्रो कार्य गरिरहेका धेरै स्थानीय शान्ति समितिहरूलाई कहिल्यै पनि माओवादीको बहिष्कार भएन । अन्त्यमा, राजनीतिक सम्बन्धलगायतका धेरै स्थानीय तत्वहरूले ती स्थानीय शान्ति समितिहरूलाई चुनौतीहरूको सामना गर्न अन्य स्थानका समितिहरूको तुलनामा सजिलो बनाएका छन् ।

४. **अन्त्यमा, धेरै जिल्लाका स्थानीय शान्ति समितिहरूले गाविस तहमा समितिहरू स्थापना गरिरहेका छन् । यी गाविसस्तरीय समितिहरूमध्ये थोरैले अन्तरिम राहत, द्वन्द्व पीडितहरूका लागि सीप तालिम र अन्य परियोजनाहरूमा काम गरेका छन् ।**

भ्रमण गरिएका अधिकांश जिल्लाहरूका केही गाविसहरूमा नौजना सम्म सदस्य रहेका स्थानीय शान्ति समितिहरू स्थापना गरिएका छन् । शान्ति तथा पुनर्निर्माण मन्त्रालयका अनुसार १००० भन्दा बढी गाविसतहका र १९ नगरपालिका तहका स्थानिय शान्ति समितिरू गठन भैसकेका छन् । जिल्लाका स्थानीय शान्ति समिति सदस्यले समिति गठन गर्नका लागि आयोजना गरेको बैठकपछि कुनै पनि रेखदेख वा कार्यक्रम नभएपछि अधिकांश नयाँ स्थानका समितिका गतिविधिहरू सीमित भएका छन् । केही ठाउँहरूमा बैठकपछि अभिमुखीकरण वा तालिम सञ्चालन गरिएको छ । शर्तका बुँदाहरूअनुसार गाविस सचिवले स्थानीय शान्ति समिति सचिवको रूपमा कार्य गर्दछन् र गाविसस्तरीय अन्य समिति सदस्यहरू भने सामान्यतः राजनीतिक दल र नागरिक समाजका प्रतिनिधिहरू हुन्छन् । बुँदाहरूअनुसार आर्थिक स्रोत गाविसको बजेटबाट प्राप्त हुने अभिप्राय देखिन्छ तथापि यो कति मात्रामा कार्यान्वित भएको छ भन्ने अस्पष्ट छ ।

अधिकांशतः गाविसस्तरीय स्थानीय शान्ति समितिहरू निष्क्रिय वा निष्प्रभावी छन् जसले गठनपछि कुनै गतिविधि गरेका छैनन् । तथापि, यीमध्ये थोरै गाविस समितिहरूमा केही सकारात्मक गतिविधि देखिएको छ । उदाहरणका लागि, पर्साका सबै गाविसस्तरीय स्थानीय शान्ति समितिहरू निष्क्रिय रहँदा द्वन्द्व प्रभावित व्यक्तिहरूको ठूलो संख्या भएको एक गाविसमा भने सक्रिय स्थानीय शान्ति समिति रहेको बताइयो जसले द्वन्द्व प्रभावित व्यक्तिहरूको तथ्यांक संकलन गर्नुको अलावा द्वन्द्व प्रभावित विधुवा र परिवारहरूका लागि मैनवत्ती बनाउने तालिमको पनि आयोजना गऱ्यो जसमा ४५ जना सहभागी भएको बताइयो । धनकुटाको एक गाविस समितिले स्थानीय क्याम्पसको नयाँ भवन पुनर्निर्माण गर्ने ठाउँको विवाद निराकरणमा समूदायलाई सहमतिमा पुग्न सहयोग गरेको र अर्को गाविसको स्थानीय शान्ति समितिले सरकारी भवन पुनर्निर्माणको निगरानी गरिरहेको पर्यवेक्षकहरूलाई बताइयो ।

## ग. समान चुनौतीहरूको सामना गरिरहेका स्थानीय शान्ति समितिहरू

कार्टर सेन्टरका पर्यवेक्षकहरूले औचित्यप्रतिको संशय, राजनीतिकरण, सहायता, समावेशीकरण तथा क्षमताजस्ता चुनौती सामना गरिरहेका केही स्थानीय शान्ति समितिहरूको पहिचान गरेका छन् जसको सारांश तल उल्लेख गरिएको छ ।

### १. धेरै स्थानीय शान्ति समितिहरूले स्थानिय तवरमा उनीहरूको औचित्य र उपयोगिता बारेमा व्यापक रूपमा संशयको सामना गरिरहेका छन् ।

कार्टर सेन्टरका पर्यवेक्षकहरूले भ्रमण गरेका धेरै स्थानीय शान्ति समितिहरूले उनीहरू औचित्यपूर्ण वा उपयोगी छैनन् भन्ने मान्यताको सामना गरिरहेका छन् । उदाहरणका लागि, एक जिल्लाका प्रमुख जिल्ला अधिकारीले स्थानीय शान्ति समितिको "हुलाकको भन्दा बढी काम छैन जसले द्वन्द्व प्रभावित व्यक्तिहरूका आवेदन लिएर मकहाँ पठाउँदछ" भने । पर्यवेक्षकहरूले धेरै जिल्लामा राजनीतिक दलका नेताहरूले स्थानीय शान्ति समितिलाई गम्भीरतापूर्वक नलिएको पाए । पश्चिमाञ्चल क्षेत्रको एक जिल्लाका नागरिक समाज प्रतिनिधिहरूले स्थानीय शान्ति समितिले राम्ररी काम नगरिरहेको र "बेकार" रहेको जनाए । मध्य पश्चिमको एक जिल्लाका एक पत्रकारले, "स्थानीय शान्ति समितिले झोला बोक्ने र टोपी लगाउने काम बाहेक केही गरिरहेको छैन" भने । त्यसैगरी सुदूर पश्चिमको एक जिल्लामा पर्यवेक्षकहरूले स्थानीय शान्ति समितिले "परिणामविहीन केही काम गरेको" भनेको सुने । पर्यवेक्षकहरूले सुनेका त्यस्ता प्रतिक्रियाहरूको आवृत्तिले धेरै जिल्लाका केही क्रियाशील रहेका स्थानीय शान्ति समितिहरूले समेत आफ्नो उपयोगिता प्रदर्शन गर्न नसकेको देखिन्छ ।

स्थानीय शान्ति समितिका बारेमा शंसयका लागि धेरै तत्वहरू जिम्मेवार रहेको प्रतीत हुन्छ । पहिलो त, धेरै सरोकारवालाहरूले द्वन्द्व पीडितहरूका लागि अन्तरिम राहतको प्रक्रियामा नै औंला ठड्याउँछन् किनकी धेरैको सोचाइमा अन्तरिम राहत स्थानीय शान्ति समितिको मुख्य काम हो । विशेष गरी पूर्वाग्रह र आवेदन कार्यान्वयन प्रक्रियाहरू अपर्याप्त छन् भन्ने धारणाले स्थानीय शान्ति समितिको समग्र छविलाई हानी पुऱ्याइरहेका छन् । दोस्रो, खास गरी द्वन्द्व समाधानको मामिलामा स्थानीय शान्ति समितिहरूले राजनीतिक विवाद समाधान गर्न उपयोगी सर्वदलीय बैठकजस्ता स्थापित तथा गाविसतहमा प्रयोग गरिने स्थानीय अनौपचारिक र चलनचल्तीका द्वन्द्व निराकरण संयन्त्रहरूसँग प्रतीस्पर्धा गर्नुपर्ने अवस्था छ ।[१०] द्वन्द्व निराकरणका वृहत संयन्त्रहरू उपलब्ध भएका कारण स्थानीय शान्ति समितिको थप महत्व स्पष्ट देखिँदैन । तेस्रो, स्थानीय शान्ति समितिका क्रियाकलापहरूको निश्चित कार्यक्षेत्रका विषयमा फरक बुझाईहरू छन् । उदाहरणका लागि, दाङ र बर्दियामा स्थानीय शान्ति समितिहरूले द्वन्द्वकालदेखिका थाँती रहेका कब्जा गरिएका जग्गाजस्ता विवादहरूको सम्बोधन गर्ने प्रयास गरे तर राजनीतिक इच्छाशक्तिको अभावले केही उपलब्धि भएन । दाङका एक एनेकपा(

[१०] कृपया कार्टर सेन्टरको "नेपालको स्थानीय तहमा राजनीतिक विवाद निराकरणको सारांश" हेर्नुहोस्, डिसेम्बर ३०, २०१० ।

माओवादी) प्रतिनिधिले जग्गाको मामिला राष्ट्रिय तहको राजनीतिक विषय भएको हुनाले त्यो स्थानीय शान्ति समितिजस्ता जिल्ला स्तरका निकायको कार्यादेशभन्दा माथि रहेको उल्लेख गरे ।

२. **धेरै जिल्लाका सरकारी अधिकारीहरू, नागरिक समाज तथा स्थानीय शान्ति समितिका सदस्यहरूबीच नै केही द्वन्द्व पीडितहरूले राहत नपाइरहेको वा उनीहरू उक्त प्रक्रियाबारे अनभिज्ञ रहेको बुझाइ छ । दलको प्रभुत्वको कारणले द्वन्द्व प्रभावित व्यक्तिहरूका लागि अन्तरिम राहतको प्रक्रियामा राजनीतिक पूर्वाग्रहलाई बढाएको छ ।**

स्थानीय शान्ति समितिहरूमा राजनीतिक दलको प्रभावका कारण अन्तरिम राहतका आवेदनहरूको प्रक्रियालाई राजनीतिक पूर्वाग्रहले दुषित बनाएको अन्तर्वार्ता गरिएका धेरैको बुझाई छ ।[११] विशेषगरी, राजनीतिक दलहरूले आफ्ना समर्थकका अन्तरिम राहत आवेदनलगायत द्वन्द्वबाट पीडित नभएकाहरूका "फर्जी" भनिएका आवेदनहरूलाई सिफारिश गराउन स्थानीय शान्ति समितिहरूको प्रयोग गरिरहेका छन् । पश्चिमाञ्चल क्षेत्रको एक जिल्लामा अन्तर्वार्ता गरिएका दल-सम्बद्ध एक व्यक्तिले समान भाव व्यक्त गरे: "सच्चा पीडितहरूले नभइ राजनीतिक सम्बन्ध हुनेले मात्र क्षतिपूर्ति पाइरहेका छन् ।" सुदूरपश्चिमका एक प्रहरी अधिकृतले दलका कार्यकर्ताहरूले आफ्ना मान्छेहरूलाई क्षतिपूर्तिका लागि सहयोग गर्ने र दुवै थरीको फाइदाको लागि "अनौपचारिक सम्झौता" नै गरेको हुने धारणा राखे । अन्तरिम राहतका आवेदनहरूको लेखापरीक्षणको अभावमा त्यस्ता समस्याको मात्रा थाहा पाउन असहज भएको छ ।

स्थानीय शान्ति समितिका सीमित स्रोत, क्षमता तथा नेतृत्वले पनि समितिहरूलाई दुर्गम क्षेत्र वा सीमान्तकृत समुदायमा रहेका पीडितहरूसम्म पुग्नबाट वञ्चित गरेको छ । स्थानिय शान्ति समितिहरू होस् वा अन्य स्थानिय निकायद्वारा, अन्तरिम राहत प्रक्रियाको विस्तृत पहुँच अपरिहार्य छ । इन्टरनेशनल सेन्टर फर ट्रान्जिशनल जस्टिसले हालै गरेको एक सर्वेक्षणले ४० प्रतिशत पीडितहरूलाई अझै पनि सरकारको अन्तरिम राहत कार्यक्रमबारे जानकारी नभएको देखिएको छ । अशिक्षित वा दुर्गम क्षेत्रका साथै महिला द्वन्द्वपीडितहरूको अन्तरिम राहतकार्यमा अत्यन्तै कम पहुँच भएको देखिन्छ ।[१२]

प्रमुख जिल्ला अधिकारीलाई अन्तरिम राहत प्रक्रियामा सहयोग गर्ने निकायको रूपमा स्थानिय शान्ति समितिसँग द्वन्द्व पीडितहरूसम्म पुग्ने मूख्य वा प्राथमिक जिम्मेवारी छैन । अपितु, अन्तरिम राहतको राजनीतिकरणबारेका चासोहरूमात्र स्थानिय शान्ति समितिको भूमिकासँग गाँसिएका छैनन् । तथापि, धेरैको बुझाईमा स्थानिय शान्ति समिति र अन्तरिम राहत एक साथ गाँसिएका छन् र स्थानीय शान्ति समितिले अन्तरिम राहत प्रक्रियालाई राजनीतिकरण गरेको छ र ठूलो संख्याका "सच्चा" पीडितहरूले राहत पाएका छैनन् भन्ने व्यापक धारणाले धेरै जिल्लामा समितिका सदस्य तथा गैरसदस्यहरूमाझ स्थानीय शान्ति समितिप्रतिको बुझाईलाई दुषित बनाएको छ ।

३. **स्थानीय शान्ति समिति सदस्य तथा कर्मचारीहरू अझै पनि शान्ति तथा पुनर्निर्माण मन्त्रालयद्वारा सूचना तथा सहायताका साथै अतिरिक्त निर्देशन, मार्गदर्शन तथा तालिमको कमीलाई उद्धृत गर्छन् । कोही भने थप रकमको आवश्यकता र स्वीकृत हुनासाथ रकम निकासा हुनुपर्ने पनि उल्लेख गर्छन् ।**

सक्रिय स्थानीय नेतृत्व तथा स्थानीय शान्ति समितिहरूको स्पष्ट भूमिकाका लागि स्थानीय तहमा व्यापक मतैक्यताको अभावमा समितिहरू शान्ति तथा पुनर्निर्माण मन्त्रालयका निर्देशनमा भर पर्छन् । दुर्भाग्यवश, स्थानिय शान्ति समितिका कर्मचारी तथा सदस्यहरूको भनाइमा त्यस्ता सहयोगहरू सधैं सुलभ हुँदैनन् । केही स्थानीय शान्ति समितिहरू केन्द्रबाट स्पष्ट निर्देशन र दीगो वित्तीय सहयोगबिना नै स्थानीय आवश्यकताहरूको पहिचान गर्न र तिनलाई सम्बोधन गर्नमा सक्रिय छन् । यदि शान्ति तथा पुनर्निर्माण मन्त्रालयले समितिहरूलाई सक्रिय बनाउन चाहन्छ भने केन्द्रले स्पष्ट निर्देशन, यथेष्ट रकम र तालिम दिनुपर्नेमा समिति सदस्य एवं कर्मचारीहरू जोड दिन्छन् । सुदूर पश्चिमका एक स्थानीय शान्ति समिति सचिवले गुनासो गर्दै भने, "मन्त्रालयका अधिकारीहरू र जिल्लास्तरीय स्थानीय शान्ति समितिबीच लगभग कुनै पनि सम्पर्क छैन", र कहिलेकाहीं उनीहरूले शान्ति तथा पुनर्निर्माण मन्त्रालयमा फोन गर्दा पनि जवाफ नआउने बताए । उनको गुनासो धेरैको भन्दा सशक्त भए पनि त्यस्तै नैराश्यता उनका सहकर्मीहरूले व्यक्त गरेका थिए ।

---

[११] इन्टरनेशनल सेन्टर फर ट्रान्जिशनल जस्टिस, "From Relief to Reparations: Listening to the Voices of Victims", (प्रकाशोन्मूख), पृष्ठ २४-२५, अन्तर्राष्ट्रिय आप्रवासी संगठन, पृष्ठ ७, र एडभोकेसी फोरम, "भेदभाव र अनियमितता: नेपालमा अन्तरिम राहतको पीडादायी कथा" (Discrimination and Irregularities: The Painful Tale of Interim Relief in Nepal), २०१०, पृष्ठ ३१

[१२] इन्टरनेशनल सेन्टर फर ट्रान्जिशनल जस्टिस, ऐ., पृष्ठ २०

शान्ति तथा पुनर्निर्माण मन्त्रालय र स्थानीय शान्ति समिति आफैंले गरेका तालिम तथा कार्यशालाहरूप्रति सदस्यहरूको प्रतिक्रिया सामान्यतः सकारात्मक छ र थप तालिमको आकांक्षा राख्छन् । सन् २०१० मा स्थानीय शान्ति समितिका संयोजक तथा सचिवहरूका लागि आयोजित क्षेत्रीय कार्यशालाहरू समितिका सदस्य तथा कर्मचारीलाई उनीहरूको भूमिका र जिम्मेवारीबारे स्पष्ट गर्न सहयोगी थिए । तथापि स्थानीय शान्ति समितिका कर्मचारी तथा सदस्यहरूको भनाइमा शान्ति तथा पुनर्निर्माण मन्त्रालयको पहुँच अभिवृद्धि उपयोगी भए पनि हालसम्म यो अपर्याप्त छ ।

अन्त्यमा, रकम र अन्य स्रोतहरूको सीमितताको कारणले समेत केही स्थानीय शान्ति समितिहरूलाई अन्तरिम राहतभन्दा अघि बढेर काम गर्नबाट निरुत्साहित गरेको छ । म्याग्दीका एक नागरिक समाज प्रतिनिधिले भने, "शान्ति तथा पुनर्निर्माण मन्त्रालय धेरै कम पैसाबाट धेरै बढी काम लिन चाहन्छ ।" एक जिल्लाका संयोजकलाई अन्तरिम राहतभन्दा अघि बढेर काम गर्ने सम्भाव्यताबारे सोधिंदा उनले स्थानीय शान्ति समितिको कार्य पहिले नै असहज रहेको र थप विस्तार गर्न सम्भव नभएको बताए । सोही जिल्लाका अन्य दुई सदस्यहरूले पर्याप्त संशाधन नभए उल्लेखित बुँदाहरूको बृहत कार्यादेश औचित्यहीन रहेको तर्क गरे । अन्य जिल्लाका स्थानीय शान्ति समिति कर्मचारी तथा सदस्यहरूले रकम निकासामा हुने ढिलाईले काममा असर पुर्‍याइरहेको र स्थानीय शान्ति समितिका कर्मचारीहरूको करार थप हुन प्रायः ढिला हुने गरेको गुनासो गरे ।

## ४. राजनीतिक दलको प्रभुत्वले धेरै जिल्लाका स्थानीय शान्ति समितिहरूको समावेशी निकाय भएर काम गर्ने क्षमता कमजोर बनाएको छ ।

स्थानीय शान्ति समितिहरू व्यापक रूपमा समावेशी निकाय हुने खालको परिकल्पना गरिएको हो । समितिहरूमा राजनीतिक दल, नागरिक समाज, द्वन्द्वपीडित तथा परम्परागत रूपमा सीमान्तकृत समूहहरूका तर्फबाट विभिन्न वर्गका कोटाहरू हुन्छन् । कम्तीमा एक तिहाइ सदस्य महिला हुनु पर्छ । कार्टर सेन्टरका पर्यवेक्षकहरूले भ्रमण गरेका अधिकांश समितिहरू शर्तका बुँदाहरू अन्तर्गत गठन भएको देखिए पनि निर्णयात्मक कार्यमा सदस्यहरूको कति मात्रामा सहभागी हुन्छ भन्नेमा एकरूपता छैन । केही जिल्लाहरूमा स्थानीय शान्ति समितिका निर्णय तथा योजना कार्यमा कतिपय विषय-आधारित उपसमितिहरूमा सदस्यताको माध्यमबाट समेत गरी सबै सदस्यको अर्थपूर्ण सहभागिता रहेको देखियो । तथापि, धेरै समितिहरूमा राजनीतिक दलसँग सम्बद्ध सदस्यहरू नागरिक समाज, द्वन्द्व पीडित तथा अन्यभन्दा बढी शक्तिशाली रहेको प्रति चासो देखियो । केही जिल्लाहरूमा पर्यवेक्षकहरूले स्थानीय शान्ति समितिका सचिव तथा संयोजकहरूले निर्णय कार्यमा सदस्यहरूसँग छलफल गर्दैनन् भन्ने गुनासोहरू सुने ।

"शान्ति समिति" खासमा "दलीय समिति" हुन् भन्ने आम गुनासोहरू पाइयो । उदाहरणका लागि, सिन्धुपाल्चोकको नागरिक समाजका धेरै सदस्यहरूले समितिका लागि नागरिक समाजको कोटाबाट राख्ने व्यक्तिको छनौट नागरिक समाज संगठनहरूले गर्नुभन्दा राजनीतिक दलले नै मनोनयन गरेको गुनासो गरे ।[१३] अर्को जिल्लामा वार्ता गरिएका व्यक्तिहरूले स्थानीय शान्ति समिति संयोजकले समितिको कार्यालयमा दलको कार्यालयको व्यवहार देखाएको गुनासो गरे । यस सम्बन्धमा जिज्ञासा राखिंदा सचिवले स्वीकार गरे र भने, "समितिमा हदैसम्मको राजनीतिकरण भयो ।"

## ५. केही जिल्लामा बजेटको स्वायत्तताको विषयले प्रमुख जिल्ला अधिकारीसँगको सम्बन्ध तनाव र असहज रहेको स्थानीय शान्ति समितिहरू बताउँछन् ।

केही जिल्लाहरूमा स्थानीय शान्ति समिति सदस्यहरूले आफूहरूसँग आर्थिक मामिला सम्बन्धमा पर्याप्त स्वायत्तता नरहेको र कार्यालयका स्टेशनरी (लेखन सामग्री) खरीद जस्ता ससाना आर्थिक कारोबारमा समेत प्रमुख जिल्ला अधिकारीको स्वीकृति लिनु पर्ने गुनासो गरे ।[१४] यो समस्या खास गरी प्रमुख जिल्ला अधिकारी र स्थानीय शान्ति समिति बीचमा तनाव भएका जिल्लाहरूमा विद्यमान छ । उदाहरणका लागि, एक जिल्लाका स्थानीय शान्ति समिति सदस्यहरूले समिति र प्रजिअबीच समितिलाई रकम खर्च गर्न "अनुमति" चाहिन्छ वा चाहिँदैन भन्नेमा तनाव उत्पन्न भएको जानकारी दिए । उनीहरूले प्रमुख जिल्ला अधिकारीको व्यक्तिगत अनुमतिबिना "एउटा कलम पनि" किन्न नपाएको गुनासो गरे । अर्को

[१३] यस विषयलाई कार्टर सेन्टरले आफ्ना अगष्ट २००९, नोभेम्बर २००९ र नोभेम्बर २०१० का प्रतिवेदनहरूमा वर्णन गरेको छ । अन्य संगठनहरूले पनि यस विषयलाई उल्लेख गरेका छन् । उदाहरणका लागि हेर्नुहोस्, इन्टरनेशनल सेन्टर फर ट्रान्जिशनल जस्टिस, ऐ., पृष्ठ ६

[१४] प्रारम्भमा स्थानीय शान्ति समितिका सचिवहरू कोषको प्रत्यक्ष व्यवस्थापन गर्ने अधिकारसहित निजामती सेवाको तेस्रो तहका अधिकृत हुने परिकल्पना गरिएको थियो । व्यवहारमा उनीहरू करारका कर्मचारी हुन् र स्थानीय शान्ति समितिको बजेटमा प्रमुख जिल्ला अधिकारीको अधिकार रहन्छ ।

जिल्लाका स्थानीय शान्ति समिति सदस्यहरू प्रमुख जिल्ला अधिकारीको हैकमपूर्ण स्वभावबाट क्षुब्ध छन् । धेरै जिल्लाहरूमा प्रमुख जिल्ला अधिकारी आफैंले स्थानीय शान्ति समितिहरूसँग बढी स्वायत्तता नभएको र समितिहरू प्रजिअको कार्यालयसँग निर्भर रहेको बताए । एक जिल्लाका स्थानीय शान्ति समिति सदस्यहरूले समितिको कोषको व्यवस्थापन जिल्ला विकास कार्यालयले गर्नुपर्ने सुझाव दिए । उनीहरूको बुझाईमा जिल्ला विकास समितिसँग आर्थिक व्यवस्थापन गर्ने क्षमता प्रमुख जिल्ला अधिकारीको कार्यालयभन्दा बढी हुन्छ ।

### ६. स्थानीय तहमा स्थानीय शान्ति समितिहरूबारे जनचेतना अत्यन्त न्यून छ ।

स्थानीय शान्ति समितिको गठन, कार्यसञ्चालन तथा क्रियाकलापहरूमा वृद्धि आएको भए पनि स्थानीय तहमा स्थानीय शान्ति समितिबारेको चेतनामा समानान्तर वृद्धि आएको देखिँदैन । भ्रमण गरिएका अधिकांश जिल्लाका नागरिकहरू स्थानीय शान्ति समितिको अवस्थितिबारे अति अनभिज्ञ छन् । गाविसस्तरीय स्थानीय शान्ति समितिहरू गठन भएका ठाउँका नागरिकहरूको चेतनाको स्थिति पनि समान छ । तुलनात्मक रूपमा बढी सक्रिय स्थानीय शान्ति समितिहरू भएको र कार्यविस्तारका साथै समसामयिक गतिविधिसमेत देखिएको धनकुटामा अन्तर्वार्ताकारहरूले जिल्ला तथा गाविस स्तरमा गरेका थुप्रै अन्तर्वार्ताहरूमा चेतना धेरै कम रहेको टिप्पणी गरे । गाविसस्तरीय स्थानीय शान्ति समिति संयोजकले गाविसका हरेक वडामा स्थानीय शान्ति समितिबारे सूचना वितरण गरेको बताइएको एक गाविसमा अन्तर्वार्ता गरिएका कुनै पनि गाउँले स्थानीय शान्ति समितिको अवस्थितिबारे जानकार थिएनन् । सीमित चेतनाको कारणबारे जिज्ञासा राखिँदा समिति सदस्यहरूले सर्वसाधारणसम्म विस्तृत पहुँचका लागि अतिरिक्त रकमको आवश्यकता रहेको दर्शाए ।

### ७. जिल्ला तहबाट प्राप्त हुने सहायता र मार्गदर्शनको अभावमा थोरै मात्र गाविसस्तरीय स्थानीय शान्ति समितिहरू क्रियाशील छन् ।

गाविस तहका धेरै स्थानीय शान्ति समितिहरूका समेत जिल्ला तहका समितिहरूका झैं संयोजन, तालिम, व्यवस्थापन, क्षमता र वित्तीय मामिलासँग सम्बन्धित चुनौतीहरू छन् । पर्यवेक्षकहरूले गाविस तहका केही स्थानीय शान्ति समितिहरूमा अधिकांश सदस्यको अनुपस्थिति रहेको र सदस्यहरू इच्छुक भएका ठाउँमा मार्गदर्शन र तालिम नभएको उल्लेख गरेका छन् । धेरै जिल्लाहरूमा पत्रकार तथा मानवअधिकार संगठनहरूले गाविस तहका स्थानीय शान्ति समितिहरू कागजमा उल्लेखित भए पनि यथार्थमा तिनीहरू निष्क्रिय या अस्तित्व मै नभएको बताए । अधिकांश अवस्थामा समिति गठन र प्रारम्भिक तालिमपछि सञ्चालन गर्नुपर्ने कार्यक्रमका बारेमा जिल्ला तहका समितिहरूद्वारा कुनै मार्गदर्शन दिइएको छैन वा थोरै मात्र दिइएको छ । पर्यवेक्षकहरूले अन्तर्वार्ता गर्दा धेरै गाविस तहका समिति सदस्यहरूले उनीहरूको शर्तका बुँदाहरूप्रतिको ज्ञानमा कमी र जिल्ला तहबाट प्राप्त हुने कमजोर मार्गदर्शन नै निष्क्रियताको कारक भएको बताए । त्यसैगरी, केही जिल्ला स्थानीय शान्ति समिति संयोजकहरूले गाविस तहका स्थानीय शान्ति समितिका क्रियाकलापहरूको कमीका लागि आफ्नो उद्देश्यप्रतिको अल्प ज्ञान तथा मध्यस्थकारी संयन्त्रहरूबारे न्यून जानकारी लाई दोष दिए ।

धेरै जिल्लाका स्थानीय शान्ति समिति सचिवहरूले गाविस तहको स्थानीय शान्ति समिति केका लागि हो भन्ने नबुझेको बताए । उनीहरूलाई समिति गठन गर्न भनिएको तर के निर्देशन दिने भने नभनिएको बताए । मध्यपश्चिमको एक जिल्लाका जिल्ला तहका स्थानीय शान्ति समिति सचिवले गाविस तहका समितिहरूको कार्यादेश वा तिनीहरूलाई कसरी चलाउने भन्ने आफूले नबुझेको बताए र भविष्यवाणी गर्दै भने, "उनीहरूको स्थिति पनि जिल्ला सदरमुकाममा रहेका हाम्रो जस्तै वा अझ खराब हुन्छ ।" अर्को जिल्लाका एक स्थानीय शान्ति समिति संयोजकले गाविस समितिहरू गठन गरिए किनकी उनको भनाइमा, "हामीलाई त्यसो गर्न भनिएको थियो, तर अब ती समितिहरूलाई के गर्ने भन्ने हामीलाई नै थाहा छैन ।"

**काठमाडौंस्थित** शान्ति तथा पुनर्निर्माण मन्त्रालयसामु ७० भन्दा बढी जिल्ला तहका स्थानीय शान्ति समितिहरूको अनुगमन तथा मार्गदर्शन गर्ने चुनौती छ र जिल्ला तहका स्थानीय शान्ति समितिहरूले ठूलो संख्याका (केही जिल्लामा दर्जनौं) गाविस तहका अङ्गहरूसँग समन्वय गर्न र निर्देशन दिन समान चुनौती भोग्नुपर्ने देखिन्छ ।

## उ. निष्कर्ष एवं सुझावहरू

समग्रमा, कार्टर सेन्टरका पर्यवेक्षकहरूले स्थानीय शान्ति समितिहरूबारे संकलन गरेका जानकारीले मिश्रित चित्र प्रस्तुत गर्दछन् । एकातिर २००९ को नोभेम्बरदेखि देशभरि नै स्थानीय शान्ति समितिहरूको गठन र कार्यसञ्चालनमा स्पष्ट सकारात्मक परिवर्तन आएको छ । अर्कोतर्फ, स्थानीय शान्ति समितिहरूतर्फ लक्षित कोष, तालिम र अन्य सबै सहयोगका वाबजुद कार्टर सेन्टरले यो प्रतिवेदनका लागि भ्रमण गरेका ३३ मध्ये १२ स्थानीय शान्ति समितिहरू गठन नै नगरिएका वा गठन भए पनि निष्क्रियप्रायः रहेका थिए । बाँकी १९ स्थानीय शान्ति समितिहरू सक्रिय थिए र नियमित बैठक गरिरहेका थिए तर उनीहरूको समग्र प्रभावकारिता र असर अस्पष्ट थियो र अधिकांश समितिहरू परिकल्पना गरिएको बृहत कार्यादेश अनुरूप थिएनन् । यस भ्रमणको दौरान पर्यवेक्षण गरिएका दुई वटा स्थानीय शान्ति समितिहरूलाई मात्र स्थानिय सरोकारवालाहरूले उच्च कार्यसञ्चालन गरिरहेको मानेका थिए ।

नेपाल शान्ति कोषमा प्रस्तावित गरी हालै रकम स्वीकृत भएको एक प्रस्तावमा शान्ति तथा पुनर्निर्माण मन्त्रालयले विद्यमान चुनौतीहरू मध्ये केहीको पहिचान गरेको छ र तिनलाई सम्बोधन गर्ने योजना विकास गरेको छ । विशेषगरी, शान्ति तथा पुनर्निर्माण मन्त्रालयले स्थानीय शान्ति समितिका गतिविधिहरूको अनुगमन वृद्धि, जिल्ला तहका स्थानीय शान्ति समितिका कर्मचारी तथा मन्त्रालयबीचको सम्पर्कमा सुधार, सदस्य एवं कर्मचारीहरूलाई स्थानीय शान्ति समितिको कार्यादेशबारे तालिम प्रदान, द्वन्द्वको चित्र निर्माण अभ्यास तथा स्थानीय शान्ति समितिहरूलाई जिल्लातहका अन्य सरोकारवालाहरूसँग सहकार्य गर्न प्रोत्साहित गर्ने कार्य गरेको छ । शान्ति तथा पुनर्संरचनाको नयाँ पहलकदमीले स्थानीय शान्ति समितिका सीप, ज्ञान तथा केन्द्रबिन्दुको प्रयाससम्बन्धी चुनौतीहरूलाई सम्बोधन गर्ने अपेक्षा गरिन्छ । तथापि, स्पष्ट सान्दर्भिकताको अभाव, राजनीतिकरण तथा सीमित स्रोतका कारण स्थानीय शान्ति समितिका चुनौतीहरू यथावत रहने देखिन्छ । समग्रमा प्रभावशाली नेतृत्व, सुमधुर राजनीतिक सम्बन्ध तथा स्थानिय सरोकारवालाको अभिरूचिजस्ता "कोमल" तत्वहरू स्थानिय शान्ति समितिको प्रभावकारी कार्यसम्पादनका लागि मूख्य तत्वहरू प्रतीत हुन्छन् ।

कार्टर सेन्टरले भावी कार्यका निम्ति छलफलका उपयोगी बुँदाहरू सिद्ध हुने अपेक्षामा निम्न सुझावहरू प्रस्तुत गरेको छः

<u>शान्ति तथा पुनर्निर्माण मन्त्रालय तथा यसका साझेदारहरूका निम्तिः</u>

- **उच्च कार्यसम्पादन गरिरहेका स्थानीय शान्ति समितिहरूका प्रभावकारी कार्यलाई सुचारू राख्न आवश्यक वित्तीय सहयोग, तालिम तथा रकम विनियोजन सुनिश्चित गर्ने प्रयास केन्द्रित गर ।** सानो संख्याका स्थानीय शान्ति समितिहरूले जिल्लामा प्रभावकारी शान्ति स्थापना कार्य तथा द्वन्द्व मध्यस्थताका सफल प्रयासमा सहभागी भएका कारण सकारात्मक छवि बनाएका छन् । ती स्थानीय शान्ति समितिका सदस्य तथा कर्मचारीहरू थप रकम र तालिम पाएमा अझ सकारात्मक प्रभाव पार्न सकिने विश्वास व्यक्त गर्छन् । शान्ति तथा पुनर्निर्माण मन्त्रालय र यसका साझेदारहरूले पनि उच्च कार्यसञ्चालनको सम्भावना भएका स्थानीय शान्ति समितिहरूको पहिचान गरी उनीहरूलाई उच्च कार्य गर्ने श्रेणीमा स्थानान्तरण गर्न सकिन्छ वा सकिँदैन भन्ने जाँच गर्न अतिरिक्त सहयोग प्रदान गर्न सक्छन् ।

- **न्यून-कार्यसम्पादन गरिरहेका स्थानीय शान्ति समितिहरूलाई उनीहरूले हालसम्म सञ्चालन गरेका गतिविधिहरूको प्रभावकारिताको मूल्यांकनको आधारमा आर्थिक सहयोगलाई निरन्तरता देऊ ।** अधिकांश न्यून-कार्यसम्पादन गरिरहेका स्थानीय शान्ति समितिहरूलाई अतिरिक्त रकम र स्रोत विनियोजन गर्दा उनीहरूले त्यसको प्रभावकारी प्रयोग गर्छन् या गर्दैनन् भन्ने अस्पष्ट हुन्छ । शान्ति तथा पुनर्निर्माण मन्त्रालय तथा यसका साझेदारहरूले स्थानीय शान्ति समितिहरूले हालसम्म सञ्चालन गरेका गतिविधिहरूको प्रभाव कस्तो छ भन्ने जाँच गर्नुपर्छ र त्यस जाँचको सावधानीपूर्वक अनुगमन गरी सहयोग जारी राख्ने वा नराख्ने निर्क्यौल गर्नुपर्छ । अन्त्यमा, शान्ति तथा पुनर्निर्माण मन्त्रालयले गठन नभएका वा निष्क्रिय स्थानीय शान्ति समितिहरूलाई रकम विनियोजन गर्नुहुँदैन । २०११ को प्रारम्भतिर गोरखाको स्थिति यस्तै थियो ।

- **सरकारको अन्तरिम राहत कार्यक्रमबारे चेतना तथा पहुँच विस्तार वृद्धि गर, र राजनीतिक पूर्वाग्रह तथा गलत अभ्यासका हरेक विश्वसनीय दावीको छानवीन गर ।** पहुँच विस्तार कार्य विशेष गरी दुर्गम क्षेत्र वा सीमान्तकृत समुदायका अशिक्षित, महिला तथा कार्यक्रमले हालसम्म पहिचान नगरेका व्यक्तिहरूतर्फ लक्षित हुनुपर्छ । स्थानीय शान्ति समितिको अन्तरिम राहत प्रक्रियाका साथै द्वन्द्व प्रभावित व्यक्तिहरूका आवेदन जाँच गर्ने

भूमिकाको समेत समीक्षा गर्नुपर्छ र राजनीतिक पूर्वाग्रह तथा गलत अभ्यासका हरेक विश्वसनीय दावीको छानविन गर्नुपर्छ ।

- **स्थानीय शान्ति समितिका लागि रकम वितरण, कर्मचारी तलब र करारको प्रक्रिया समयमै गर्नका लागि शान्ति तथा पुनर्निर्माण मन्त्रालयसँग यथेष्ट स्रोत भएको सुनिश्चित गर र स्थानीय शान्ति समितिहरूले अपेक्षा गरेको मार्गदर्शनबारे स्पष्ट तथा शीघ्र सम्पर्क स्थापना गर ।** नेपाल शान्ति कोषसमक्ष पेश गरेको प्रस्तावमा मन्त्रालयले स्थानीय शान्ति समितिका सचिवहरूको करार एक आर्थिक वर्षभरिको लागि थप गर्ने र स्थानीय शान्ति समितिहरूसँगको सम्पर्क वृद्धि गर्ने वचनबद्धता व्यक्त गरेको छ जुन सकारात्मक पहलहरू हुन् । मन्त्रालयमा स्थानिय शान्ति समितिहरूको सहयोगका लागि थप कर्मचारी तथा साधनको आवश्यकता हुन सक्छ । अन्त्यमा, सचिवहरू नभएका २२ जिल्लाहरूमा शान्ति तथा पुनर्निर्माण मन्त्रालयले यथाशीघ्र नयाँ सचिवहरू खटाउनुपर्छ ।

- **स्थानिय शान्ति समितिका लागि विनियोजित रकमको व्यवस्थापन गर्न स्थानिय तहमा कुन निकाय सबैभन्दा राम्रो हुन्छ भन्ने निर्धारण गर ।** हाल स्थानिय शान्ति समितिको रकम व्यवस्थापन जिल्ला प्रशासन कार्यालयले गर्दछ तथापि विकल्पका रूपमा जिल्ला विकास समितिसहित अन्य स्थानिय निकायहरू उपलब्ध छन् । स्थानिय शान्ति समितिहरूका लागि विनियोजित रकमको व्यवस्थापन गर्न कुन स्थानिय कार्यालय सबैभन्दा उपयुक्त हुन्छ भन्ने समीक्षा उपयोगी हुन सक्छ ।

<u>जिल्ला तहका स्थानीय शान्ति समिति सदस्य तथा कर्मचारीहरूका निम्ति:</u>

- **जिल्ला तहका स्थानीय शान्ति समितिहरूले बृहत कार्यादेश पूरा गर्नका लागि गाविस तहमा ठूलो संख्यामा नयाँ समितिहरू गठन गर्नुभन्दा यथेष्ट सहयोग तथा मार्गदर्शन प्रदान गर्नसक्ने क्षमता मूल्यांकन गर्नुपर्छ ।** गाविसतहका स्थानीय शान्ति समितिहरूलाई स्पष्ट तथा सीमित कार्यादेश दिइनुपर्छ र जिल्लातहबाट निरन्तर सहयोग प्रदान गरिरहनु पर्छ । गाविसतहका केही समितिहरूले बृहत भूमिका लिएर स्वायत्त कार्यसम्पादन गर्न थाले पनि गाविसतहका स्थानीय शान्ति समितिहरूको हालसम्मको अनुभवमा उनीहरूलाई नियमित अनुगमन, मार्गदर्शन र रकमको आवश्यकता पर्दछ । कर्मचारी र रकमको स्रोत सीमित भएको हुनाले जिल्लातहका स्थानीय शान्ति समितिहरूले एकै पटकमा ठूलो संख्याका गाविस समितिहरूलाई त्यस्ता सहयोग प्रदान गर्न सक्दैनन् । गाविसतहका स्थानीय शान्ति समितिहरूको योजनामा यो तथ्य प्रतिबिम्वित हुनुपर्छ ।

- **योजना निर्माण तथा निर्णय कार्यमा अधिकतम सदस्यहरूको संलग्नताका लागि विषयआधारित उप-समितिहरू गठन गर्नेतर्फ ध्यान देउ ।** ललितपुर, सुर्खेत तथा म्याग्दी लगायतका केही जिल्लामा स्थानीय शान्ति समितिहरूले विभिन्न मामिलाको सम्बोधन गर्न तथा समितिका क्रियाकलापको योजना बनाउन उप-समितिहरू गठन गरेका छन् । यो समावेशीकरण तथा स्रोतसम्बन्धी समस्याहरूको पूर्ण समाधान नभए पनि यी समितिहरूले स्थानीय शान्ति समिति अधिकतम सदस्यहरूको अर्थपूर्ण सहभागिता मार्फत समितिलाई सशक्त बनाउँदछन् ।

<u>नेपालका राजनीतिक दलहरूका निम्ति:</u>

- **दलका कार्यकर्ताहरूलाई स्थानीय शान्ति समितिहरूलाई सहयोग गर्न र उनीहरूको कामकाजमा रचनात्मक रूपमा सहभागी हुन निर्देशन देऊ ।** केही जिल्लाका स्थानीय शान्ति समितिहरूले राजनीतिक दलका सदस्यहरूमा अन्तरिम राहतका आवेदनको समीक्षा गर्नेबाहेक अन्य काममा कम अभिरुचि भएको समस्या भोगेका छन् । यदि सम्बन्धित दलद्वारा स्थानीय शान्ति समितिको शान्ति स्थापनाको कार्यादेशलाई सहयोग गर्न स्पष्ट निर्देशनहरू जारी गरिएमा धेरै स्थानीय शान्ति समितिहरूले सामना गरिरहेका सान्दर्भिकताको चुनौतीलाई सम्बोधन गर्न दलका स्थानीय सदस्यहरूले सहयोग पुऱ्याउन सक्थे ।